लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७७/८/१२)

लिखु गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न देहाय अनुसारका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ०१/०७७/७८ | उद्यम विकास सहजकर्ता | पाँचौं | १ | ५०० | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ३ उत्तीर्ण गरेको। |
| ०२/०७७/७८ | उद्यम विकास सहजकर्ता | चौथो | १ | ४०० | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम बिकास सहजकर्ता सीप परीक्षण तह २ उत्तीर्ण गरेको। |

१. छनौटको तरिका : प्रारम्भिक योग्यताक्रममा छनौट भएका उम्मेदवारको लिखित (वस्तुगत बहुवैकल्पिक) परीक्षा।
२. उमेर : १८ वर्ष पूरा भई ३५ (महिलाको हकमा ४०) वर्ष ननाघेको।
३. दरखास्त दिने स्थान : लिखु गाउँ कार्यपालिकाको कार्यालय, डुँडे, नुवाकोट।
४. दरखास्त दिने अन्तिम मिति : २०७७/०८/२६ गते कार्यालय समय भित्र।
५. दरखास्त फाराम पाइने स्थान : लिखु गाउँ कार्यपालिकाको कार्यालय वा www.likhumunnuwakot.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ।
६. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपि, नागरिकताको प्रतिलिपि, अनुभव खुल्ने कागजात र लिखु गाउँ कार्यपालिकाको कार्यालयको राजश्व इकाईमा दरखास्त दस्तुर बुझाएको सक्कल भौचर।
७. तलब : प्रचलित स्केल बमोजिम।
८. काम गर्नु पर्ने स्थान : लिखु गाउँपालिका अन्तर्गत।
९. परीक्षा मिति, समय र स्थान : २०७७/०८/२८ गते, बिहान ११:०० बजे, लिखु गाउँ कार्यपालिकाको कार्यालय।
१०. लिखित परीक्षाको पाठ्यक्रम : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ सँग सम्बन्धित विषय वस्तु।
११. पाचौं तहको पदमा दरखास्त पर्न नआएमा र चौथो तहको पदमा दुई जना वा सो भन्दा बढीको दरखास्त पर्न आएमा दुबै पद चौथो तहबाट पुर्ती गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत